# रामग्राम नगरपालिका कार्यालय

परासी, नवलपरासी

## आ.व. २०७३/७४ को आन्तरिक आय (पटके सवारी कर असुली) ठेक्का बन्दोबस्त सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित २०७३/३/२० गते)

स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय शासन (संसोधन सहितको) नियमावली २०५६ अनुसार रामग्राम नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न आय शिर्षकहरुमा आ.व.०७३/०७४ को लागि आय संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक ब्यवसाय दर्तावाल ब्यक्ति, फर्म तथा कम्पनीहरुले निम्न शर्तहरु मन्जुर गरी शिलवन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धीत सवैको जानकारीका लागि यो ७ दिने सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. शिलबन्दी बोलपत्र पेश गर्ने ब्यक्ति नेपाली नागरिक भए आफूले कबोल गरेको अंकको ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी वापतको रकम न.पा. को रा.वा. बैंक परासीको धरौटी खाता च.हि.नं २३०३ ग ३ मा जम्मा गरेको बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको सूचनाको मितिले ७५ दिन म्याद भएको विडवण्डको सक्कल प्रति शिलबन्दी बोलपत्र साथ दाखिला गर्नु पर्ने छ । क्रमश: दोश्रो र तेश्रो स्थानमा रहेको बोलपत्रदाता बाहेक अन्य बोलपत्रदाताहरुले राखेको धरौटी फिर्ता गरिने छ ।

२. ठेक्का रकम न.पा.ले तोके बमोजिम किस्तामा बुझाउनु पर्ने छ । पट्टाचलन पुर्जी लिनको लागि ठेकेदारले पहिलो किस्ताको (अर्थात कबोल अंकको ५० प्रतिशत) रकम अग्रिम रुपमा नगदै बुझाई बांकी दोश्रो किस्ताको (अर्थात कबोल अंकको बाकी ५० प्रतिशत) रकम वरावरको मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७ महिना अवधि म्याद भएको बैंक जमानी पत्र अनिवार्य पेश गर्नु पर्ने छ ।

३. ठेकेदारले सम्झौताको समयमा ठेक अनुसारको सम्पुर्ण ठेक रकम एकमुष्ट बुझाएमा ५% (पाच प्रतिशत) सम्म छुट दिइनेछ ।

४. ठेकेदारले पट्टा चलन पुर्जि लिदा सुचनाको शर्त नं. १ मा उल्लेखित कबोल गरेको ठेक अंकको ५ प्रतिशतले हुने रकम ठेक्का अवधि भरका लागि जमानत वापत राखिने छ । ठेक्का अवधि समाप्त भए पछि सो जमानत रकम फिर्ता लिनका लागि सम्बन्धीत ठेकेदारले आय आर्जन गरे वापत नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण कर बुझाएको प्रमाण पेश गरेपछि मात्र फिर्ता दिईने छ । सम्पूर्ण कर बुझाएको प्रमाण पेश नगरेको खण्डमा जमानत वापत राखिएको रकमवाट ठेक अंकको नियमानुंसार आयकर कट्टा गरी बाकी रकम सम्बन्धीत ठेकेदारलाई फिर्ता गरिने छ ।

५. बोलपत्रदाताबाट पर्न आएको वोलपत्रमा ठेक्का दिने वा नदिने सम्पुर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ ।

६. ठेक्का स्वीकृत भएको जानकारी पत्र पाएको मितिले ७ दिन भित्र अनिवार्य पट्टा चलन पुर्जि लिई सक्नु पर्ने छ अन्यथा ठेकेदारले राखेको धरौटी स्वत: जफत भई नगरपालिकाले नियमानुसार ठेक्का बन्दोबस्त गर्ने छ ।

७. नगरपालिकाले तोकेको दररेटमा मात्र ठेकेदारले पटके सवारी कर उठाउनु पर्ने छ ।

८. बोलपत्रदाताले आफ्नो नागरिकताको फोटोकपी अनिवार्य रुपले शिलबन्दी बोलपत्र साथ राख्नु पर्ने छ साथै कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपले लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको मान्य हुनेछ ।

९. ठेक्काको न्यूनतम कबोल अंक निम्नानुसार रहेको छ ।

(क) **पटके सवारी कर असुली ठेक्का** : स्थानीय स्वायत्त शासन (संसोधन सहितको) नियमावली २०५६ को अनुसुची ११ नियम १४३ खण्ड २ अनुसार यस नगर क्षेत्र अन्तरगतका पिच सडकको दिगो व्यवस्थापन र मर्मत संभारका लागि निम्न सडकहरुमा चल्ने निजी तथा भाडाका सवारी साधनमा देहाय बमोजिम पटके सवारी कर असुली ठेक्का आ.व. २०७३/७४ (२०७३ श्रावण देखि २०७४ अषाढ मसान्त सम्म एक वर्ष) को लागि न्यूनतम कबोल अंक रु. ३३५०००।०० (अक्षरेपी तीन लाख पैतीस हजार मात्र) तोकिएको छ । यो पटके सवारी कर असुली दर कर उप शाखाबाट प्राप्त गर्न सकिने छ ।

**निम्न सडकहरु :**

- केरवानी देखि वाइपास सडकमा जोडिएको पिच सडक
- जोकवार देखि पाल्ही क्याम्पस हुदै महेशपुर सडकमा जोडिएको पिच सडक
- लक्ष्मीपुर देखि मंझरीया चोकको बाइपास सडकमा जोडिएको पिच सडक
- सहुवाटिकरको झरही खोला देखि सुनवल परासी सडकमा जोडिएको पिच सडक
- सण्डाको झरही खोला देखि सुनवल परासी सडकमा जोडिएको पिच सडक
- पोखरापालीको ठुलो पोखरा देखि हुलाकी सडकमा जोडिएको पिचसडक
- पोखरापाली देखी रक्सहवा र ऐचावल जाने सडक
- सहुवाटिकर देखि उद्योग वाणिज्य संघको पिच सडक
- उजैनी स्तुप जाने पिच सडक
- बैकुण्ठपुर देखि देउरवा जाने पिच सडक

नोट: यी सडक प्रयोग कर्ताहरुले नगरपालिकामा वार्षिक सवारी कर बुझाएको खण्डमा पटके सवारीकर ठेकेदारले असुली गर्न पाउने छैन ।

१०. बोलपत्रको प्रति फारम रु. ३००। फिर्ता नहुने गरी न.पा.को कर उप शाखाबाट प्राप्त गर्न सकिनेछ

११. यो सुचना दोश्रो पटक प्रकाशित भएको ७औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी सक्नु पर्ने छ ।

१२. यो सुचना प्रकाशित भएको ८औं दिन दिउंसो १२:०० बजे सम्म बोलपत्र दाखिला गरी सक्नु पर्नेछ ।

१३. दाखिला भएको बोलपत्र ८औं दिन दिउंसो २:०० बजे कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । खोल्ने मितिमा ठेकेदार आफै उपस्थित हुनु पर्ने छ उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा वाधा पर्ने छैन ।

१४. बोलपत्र खरिदगर्ने, पेशगर्ने, खोल्ने दिन कुनै कारणबस विदा परेमा क्रमश: कार्यालय खुलेको दिन म्याद कायम हुने छ ।

रोशन ज्ञवाली
कार्यकारी अधिकृत

१५. ठेकेदारले नगरपालिकाको निर्णय वा निर्देशन विपरीत कार्य गरेमा नगरपालिकाले ठेक्का रद्द गर्न सक्ने छ ।

१६. ठेक्का अवधि भरिमा ठेकेदारलाई कुनै किसिमको बन्द, हडताल आदिको छूट, मिनहा वा म्याद थप दिइने छैन् ।

१७. सम्बन्धीत ठेक्काको दररेट नगरपालिकाको कर उप शाखामा हेर्न सकिनेछ ।

१८. न.पा.ले तोकेको ढाचामा कबुलियत पट्टा चलन पुर्जि लिनु पर्ने छ ।

१९. अन्य थप जानकारीको लागि कार्यालय समयमा कर उप शाखामा सम्पर्क गर्न सकिने छ ।

२०. माथि उल्लेख भए वाहेक अन्य कुरा स्था. नि. आर्थिक प्रशासन नियमावली २०६४, र प्रचलित कानुन बमोजिम हुनेछ ।

श्री रामग्राम नगरपालिका कार्यालय
परासी, नवलपरासी
स्था: २०५३

रोशन जवाली
कार्यकारी अधिकृत

# रामग्राम नगरपालिका कार्यालय

सटर कोठा बहाल सम्बन्धी

## सुचना ! सुचना !! सुचना !!!

(दोश्रो पटक प्रकाशित मिति: २०७३/०३/२० गते)

रामग्राम नगरपालिका द्वारा निर्मित निम्न ठेगाना तथा सडकमा मोहडा भएको सटर कोठाहरु ५ (पाच) वर्ष सम्मका लागि बहाल बन्दोवस्त गर्नु पर्ने भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ एवं स्थानीय निकाय आ.प्र. नियमावली, २०६४ को प्रावधान बमोजिम तपसिलको शर्तहरु मन्जुर गरी शिलबन्दी बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. शिलबन्दी बोलपत्र पेश गर्ने व्यक्ति नेपाली नागरिक भए आफूले कबोल गरेको अंकको ५ प्रतिशत र गैर नेपाली नागरिक भए आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी वापतको रकम न.पा. को रा.वा. बैंक परासीको धरौटी खाता च.हि.नं २३०३ ग ३ मा जम्मा गरेको बैक भौचर वा राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको सूचनाको मितिले ९० दिन म्याद भएको विडवण्डको सक्कल प्रति शिलबन्दी बोलपत्र साथ दाखिला गर्नु पर्ने छ । कबोल अंकको गणना गर्दा मासिक कबोल अंकलाई ६० महिनाले गुणन गर्दा हुन आउने रकमलाई मानिने छ ।

२. सटर कोठा बहालमा लिन इच्छुक व्यक्ति वा संघ संस्थाले यो सुचना प्रकाशन भएको मितिले ७औं दिन सम्म (सो दिन सार्वजनिक विदा परे सो को भोली पल्ट) कार्यालय समय भित्र नेपाली नागरिकताको प्रतिलिपी समेत राखी रामग्राम नगरपालिका कार्यालयमा आफुले लिन चाहेको सटर कोठाको नम्बर (जुन नम्बर नगरपालिकाले प्रत्येक सटर कोठामा सबैले देख्ने गरी लेखेको छ ।) उल्लेख गरी प्रत्येक कोठाको लागि छुट्टा छुट्टै बोलपत्र फारम खरीद गरी ८औं दिन सम्म दिउसो १२.०० वजे भित्र उक्त बोलपत्र फारम जिल्ला प्रशासन कार्यालय वा को.ले.नि.का. वा यस रामग्राम नगरपालिका कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । दर्ता भएका बोलपत्र फारमलाई सोही दिन दिउसो २.०० वजे सटर कोठा लिन इच्छुक सम्बन्धित बोलपत्रदाता एवं कार्यालय प्रतिनिधीहरुको रोहवरमा रामग्राम नगरपालिकामा खोलिने छ । बोलपत्रदाता उपस्थित हुन नसकेको अवस्थामा पनि तोकिएको मिती तथा समयमा दर्ता भएको बोलपत्र खोल्न भने बाधा पर्ने छैन ।

३. बोलपत्र स्विकृत भएको व्यक्ति सहित क्रमश: दोश्रो र तेश्रो स्थानको बोलपत्रदाताको धरौटी रकम कोठा लिने बारे सम्झौता नभए सम्मको लागि राखिने छ । सम्झौता भई सके पछि मात्र धरौटी फिर्ता दिईने छ ।

४. बहालमा बस्ने व्यक्तिले कबोल गरेको कोठाको बहाल मासिक रुपमा बुझाउनु पर्ने छ ।

५. बोलपत्र फारम, जिल्ला प्रशासन कार्यालय, को.ले.नि.का. तथा रामग्राम न.पा. कार्यालयको कर उपशाखाबाट प्रति फारम रु. ३००।०० (फिर्ता नहुने गरि) तिरी प्राप्त गर्न सकिने छ ।

६. बोलपत्रदाताले कबोल गरेको मासिक बहाल रकम अंक र अक्षरमा प्रष्ट रुपमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको मान्य हुनेछ ।



रोशन ज्ञवाली
कार्यकारी अधिकृत

७. प्रति सटरको न्यूनतम मासिक वहालको रकम २०औं नगरपरिषद्‌को निर्णय नं. १३ अनुसार रहेको छ जुन तपसिलमा उल्लेख गरिएको छ । सो बहाल रकममा लाग्ने अन्य कर, दस्तुर, शुल्क सम्पुर्ण वहालवालाले नै बुझाउनु पर्ने छ ।

८. वहालमा लिने सटर कोठाको खानेपानी, विजुली वत्तिको व्यवस्था स्वयम आफैले गर्नु पर्ने छ ।

९. बोलपत्र स्विकृत भएको व्यक्तिले शिलबन्दी बोलपत्र साथ राखेको धरौटी रकम सटर कोठाको सम्झौता गर्दा प्रत्येक कोठाको लागि राख्नु पर्ने जमानी वापतको रकममा समावेश गरिने छ । प्रत्येक कोठाको जमानी वापत राख्नु पर्ने रकम २०औं नगरपरिषद्‌को निर्णय नं. १३ अनुसार रु. ५००००।०० (पचास हजार मात्र) रहेको छ । यस सम्बन्धि अन्य शर्त नियमहरु शिलबन्दी बोलपत्र फारममा दिईएको छ । सटर कोठाको मौजुदा अवस्था आफै गई हेर्न वा विस्तृत जानकारीका लागि रामग्राम न.पा. को कर उपशाखामा सम्पर्क गर्नु हुन जानकारी गराइन्छ ।

१०. बोलपत्रदाताले आफ्नो बोलपत्र स्वीकृतीको जानकारी पाएको मितिले ७ (सात) दिन भित्र बहाल संझौता गर्न नआएमा निजको धरौटी जफत गरी प्राथमिकता क्रमको क्रमश: दोश्रो, तेश्रो बाट वहाल बन्दोवस्त गरिनेछ ।

११. कुनै कारण खोली वा नखोली सटर भाडामा दिने वा नदिने सम्पुर्ण अधिकार नगरपालिकामा सुरक्षित रहने छ ।

१२. प्रत्येक एक वर्ष पुरा भए पछि १०% भाडा वृद्धि स्वत: हुने छ ।

१३. वहाल वालाले आफ्नो नाउमा लिएको सटर कोठा नगरपालिकाको स्विकृती वेगर अन्य व्यक्ति संस्था संग पुन: वहालमा लगाउन पाउने छैन ।

१४. नगरपालिकाले व्यवस्थापन गरेको शौचालयलाई बहालमा बस्ने व्यक्तिहरुले सामुहिक रुपमा प्रयोग गर्ने तथा नियमित सरसफाईको कार्य गर्नु पर्ने छ ।

१५. बहालमा बस्ने व्यक्तिले आ-आफ्नो कोठा लगाएत अगाडी रहेको सडकको सफाई नियमित रुपमा गर्नु पर्ने छ साथै आफुले उत्सर्जित गरेको फोहर सड्ने र नसड्ने छुट्टाएर राख्नु पर्ने छ ।

१६. प्रत्येक सटर अगाडी रहेको सेडमा कुनै किसिमको सरसामान राखी ब्यापार ब्यवसाय गर्न पाईने छैन किनकि उक्त सेड सेवाग्राहीको किनमेल तथा आवतजावत सुविधाका लागि बनाईएकोले सधै खुला र सफा राख्नु पर्ने छ ।

१७. सटर कोठाको प्रयोग गर्दा कुनै किसिमको तोडफोड गरी हानीनोक्सानी गरेको पाईएमा बहालवालाले नै मर्मत गराउनु पर्ने छ । सो नगराएमा निजले राखेको जमानत रकमबाट नगरपालिकाले मर्मत गराउने छ ।

१८. सटर कोठामा ब्यापार ब्यवसाय संचालन गर्दा नेपाल सरकारले प्रतिबन्धित गरेको कुनै पनि क्रियाकलाप गर्न गराउन पाईने छैन । सो गराएको पाईएमा निजको सटरकोठा नगरपालिकाले कुनै पनि समयमा खाली गराउने छ ।

१९. बहालमा बस्ने व्यक्तिले आफु बस्ने कोठालाई प्रत्येक २/२ वर्षमा नगरपालिकाले तोकेको रंगमा रंगरोगन गर्नु पर्ने छ । सोको लागत रकम बहालमा बस्ने व्यक्तिलेनै ब्यहोर्नु पर्ने छ ।

२०. बन्द, हडताल वा अन्य कुनै कारणवस सटरकोठामा ब्यवसाय संचालन हुन नसकेमा बहाल छुट, मिनहा वा म्याद थप गरिने छैन ।

२१. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

रोशन ज्ञवाली
कार्यकारी अधिकृत

# तपसिल

| (क) दक्षिण मोहडा | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.स. | सटर न. | अगाडी कोठा | पछाडी कोठा | देखि | सम्म | वर्ष | न्युनतम मासिक बहाल |
| १ | पुर्व सिढी | १ | कार्यालय प्रयोजन | ०७३/४/१ | ०७८/३/३० | ५ वर्ष | १०००।०० |
| २ | टहरा | १ | १ | ०७३/४/१ | ०७८/३/३० | ५ वर्ष | २५००।०० |

| (ग) पुर्व मोहडा | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.स. | सटर न. | अगाडी कोठा | पछाडी कोठा | देखि | सम्म | वर्ष | न्युनतम मासिक बहाल |
| १ | १ | १ | | ०७३/४/१ | ०७८/३/३० | ५ वर्ष | १२००।०० |
| २ | ३ | १ | | ०७३/४/१ | ०७८/३/३० | ५ वर्ष | १२००।०० |
| ३ | ६ | १ | | ०७३/४/१ | ०७८/३/३० | ५ वर्ष | १२००।०० |
| ४ | ७ | १ | | ०७३/४/१ | ०७८/३/३० | ५ वर्ष | १२००।०० |

.....................

कार्यकारी अधिकृत

रोशन ज्ञवाली
कार्यकारी अधिकृत